जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक २९५ • २०८३ श्रावण २९ गते शुक्रवार • 14 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# मधेश प्रदेश सरकारले मन्त्रिपरिषद् पुनर्गठन गर्दै

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २८ श्रावण



मधेश प्रदेश सरकारले मन्त्रिपरिषद् पुनर्गठन गर्दै मन्त्रालयको संख्या घटाउने तयारी अघि बढाएको छ। हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालय रहेकोमा त्यसलाई घटाएर ९ वटामा सीमित गर्ने सरकारको तयारी छ।

सत्ता गठबन्धनमा रहेका नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच मन्त्रिपरिषद् पुनर्गठनबारे अन्तिम चरणको छलफल भइरहेको बताइएको छ। आगामी दुई/तीन दिनभित्र गठबन्धनका शीर्ष नेताबीच सहमति जुटाएर मन्त्रिपरिषद् पुनर्गठन गर्ने तयारी रहेको एक मन्त्रीले जानकारी दिए। उनका अनुसार मन्त्रालयको संख्या घटाउँदा नेकपाबाट दुई र नेकपा एमालेबाट एक मन्त्रीलाई सरकारबाट फिर्ता बोलाउने गरी गृहकार्य भइरहेको छ। पुनर्गठनपछि नेपाली कांग्रेसले मुख्यमन्त्रीसहित चार, एमालेले तीन र नेकपाले दुई मन्त्रालय पाउने गरी भागबण्डाको तयारी गरिएको छ। हाल कांग्रेससँग मुख्यमन्त्रीसहित भूमि व्यवस्था, कृषि तथा सहकारी, वन तथा वातावरण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय छन्। एमालेको भागमा पूर्वाधार विकास, समाज कल्याण तथा खेलकुद, शिक्षा तथा संस्कृति र श्रम तथा संस्कृति मन्त्रालय छन्। त्यस्तै, नेकपाले अर्थ, ऊर्जा, सिँचाइ तथा खानेपानी, उद्योग, वाणिज्य तथा पर्यटन तथा गृह, सञ्चार तथा कानुन मन्त्रालय सम्हालिरहेको छ। सरकारले मन्त्रालयको संख्या घटाउन विभिन्न मन्त्रालयलाई एकआपसमा गाभ्ने तयारी गरेको छ। प्रस्तावित संरचनाअनुसार गृह, सञ्चार तथा कानुन, शिक्षा तथा संस्कृति, समाज कल्याण तथा खेलकुद, श्रम तथा यातायात, उद्योग तथा पर्यटन र वन तथा वातावरण सम्बन्धी मन्त्रालयलाई समायोजन गरी तीनवटा मन्त्रालय बनाउने तयारी छ। मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकनका लागि अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले गत असार १८ गते मुख्यमन्त्रीसमक्ष ९ मन्त्रालय कायम गर्न सुझावसहितको प्रतिवेदन पेस गरिसकेको छ। त्यसपछि मन्त्रालयको कार्यविभाजनलाई थप व्यवस्थित बनाउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिव सम्मिलित अर्को कार्यदल गठन गरिएको छ। उक्त कार्यदलको काम पनि अन्तिम चरणमा पुगेको बताइएको छ। मन्त्री पटेलका अनुसार कार्यदलले केही दिनभित्रै सरकारलाई प्रतिवेदन बुझाउने तयारी गरेको छ। तर, प्रतिवेदन आउनुअघि नै ९ मन्त्रालय कायम गर्ने गरी मन्त्रिपरिषद् पुनर्गठन गर्न कानुनी तथा प्रशासनिक रूपमा बाधा नरहेको उनको भनाइ छ। यसैबीच, मन्त्रालयको संख्या घटेपछि सरकारबाट फिर्ता बोलाइने मन्त्री र नयाँ जिम्मेवारी पाउने व्यक्तिका विषयमा गठबन्धनका दलहरूले आन्तरिक छलफल तीव्र बनाएका छन्। विशेषगरी एमाले र नेकपाभित्र नयाँ मन्त्रीको सम्भावित नामबारे गृहकार्य भइरहेको स्रोतको दाबी छ। केन्द्रमा नेपाली कांग्रेस र नेकपा एमालेबीचको सत्ता समीकरणमा परिवर्तन आए पनि त्यसको प्रत्यक्ष प्रभाव मधेश प्रदेश सरकारमा भने परेको छैन। मधेशमा कांग्रेस नेतृत्वको सरकारलाई निरन्तरता दिने विषयमा गठबन्धन दलहरूबीच तत्कालका लागि सहमति कायम रहेको नेताहरू बताउँछन्। एमाले र नेकपाबीचको सम्भावित समीकरणले मात्रै प्रदेश सरकार गठनका लागि आवश्यक बहुमत नपुग्ने भएकाले पनि कांग्रेस नेतृत्वकै वर्तमान सरकारलाई निरन्तरता दिँदै मन्त्रिपरिषद् सानो र प्रभावकारी बनाउने दिशामा सत्ता गठबन्धन अघि बढेको देखिन्छ। मन्त्रालयको संख्या घटाएर प्रशासनिक खर्च कम गर्ने र सरकारको कामकारबाहीलाई थप प्रभावकारी बनाउने उद्देश्यले पुनर्गठन गर्न लागिएको सरकारको दाबी छ।




# १८१ जना विवाहित महिलालाई सिलाई मेसिनसहित टेलरिङ व्यवसाय सञ्चालनका लागि आवश्यक सामग्री हस्तान्तरण



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २८ श्रावण


जनकपुरधाम उपमहानगरपालिकाका विभिन्न वडाका १८१ जना विवाहित महिलालाई सिलाइ मेसिनसहित टेलरिङ व्यवसाय सञ्चालनका लागि आवश्यक सामग्री हस्तान्तरण गरिएको छ।

जानकी महिला जागरण समाजको आयोजना तथा स्ट्रीट चाइल्ड अफ नेपालको आर्थिक सहयोगमा सञ्चालित 'She Leads' परियोजना अन्तर्गत उनीहरूलाई उक्त सामग्री प्रदान गरिएको हो। परियोजना अन्तर्गत यस वर्ष जनकपुरधाम उपमहानगरपालिकाका वडा नम्बर ७, १६, १७, १८, १९, २०, २१ र २३ गरी आठवटा वडाका ५०० जना सहभागीमध्ये १९ देखि २५ वर्ष उमेर समूहका १८१ जना विवाहित महिलाले सिलाइ मेसिनसहित टेलरिङ व्यवसायका लागि आवश्यक सामग्री प्राप्त गरेका छन्। परियोजनाले महिलालाई सीप सिकाएर रोजगारी खोज्नेभन्दा आफ्नै व्यवसाय सञ्चालन गरी आयआर्जन गर्न सक्षम बनाउने उद्देश्य लिएको जानकी महिला जागरण समाजले जनाएको छ। सिलाइ मेसिन प्राप्त गर्ने महिलाले घरमै वा स्थानीय बजारमा टेलरिङ व्यवसाय सञ्चालन गरी आम्दानी गर्न सक्ने विश्वास गरिएको छ। जानकी महिला जागरण समाजकी अध्यक्ष मन्दाकिनी कर्णले महिलालाई सीप र साधन दुवै उपलब्ध गराएर आत्मनिर्भर बनाउने अभियान अन्तर्गत परियोजना सञ्चालन गरिएको बताइन्। उनका अनुसार सबै महिलाको आवश्यकता एउटै हुँदैन भन्ने कुरालाई ध्यानमा राख्दै परियोजनाले लाभग्राहीलाई आफूले सञ्चालन गर्न चाहेको व्यवसाय अनुसार सहयोग उपलब्ध गराउँदै आएको छ। 'महिलालाई तालिम दिएर मात्र पुग्दैन, तालिमपछि व्यवसाय सञ्चालन गर्न आवश्यक साधन र सामग्री पनि उपलब्ध गराउनुपर्छ।

त्यसैले लाभग्राहीको रुचि र आवश्यकताका आधारमा सहयोग प्रदान गर्दै आएका छौं,'अध्यक्ष कर्णले भनिन्। परियोजना गत वर्ष पनि जनकपुरधाम उपमहानगरपालिकाका विभिन्न वडामा सञ्चालन भएको थियो। गत वर्ष ४२३ जना दलित, आदिवासी तथा सीमान्तकृत समुदायका लाभग्राही परियोजनामा सहभागी भएका थिए।

तीमध्ये ११९ जना विवाहित महिलाले सिलाइ मेसिनको माग गरेपछि उनीहरूलाई सिलाइ मेसिन उपलब्ध गराइएको थियो। जानकी महिला जागरण समाजका अनुसार परियोजनाको दुई वर्षे अवधिमा कुल ९२३ जना सहभागी भएका छन्। त्यसमध्ये करिब ३०० जनाले सिलाइ मेसिनको माग गरेका छन् भने बाँकी करिब ६०० जना महिलाले बाख्रा, सुँगुर तथा गाईपालन, किराना पसल सञ्चालन लगायतका विभिन्न व्यवसायका लागि आवश्यक सामग्री माग गरेका छन्।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय.................

# आर्थिक विकास अपरिहार्य

सुशासन कुनै राजनीतिक नारा नभई आर्थिक विकासको अपरिहार्य आधार रहेको देखिन्छ। लगानीकर्ताले केवल राम्रो सडक खोज्दैन उनीहरूले नीतिगत स्थिरता, पारदर्शी प्रशासन, निष्पक्ष न्याय प्रणाली र उत्तरदायी सरकार खोज्छ । उद्यमीले केवल विद्युत् खोज्दैन उनीहरूले भरोसायोग्य नियम र पूर्वानुमान गर्न सकिने नीतिगत वातावरण खोज्छ । नागरिकले केवल सेवा खोज्दैन उनीहरूले सम्मान, न्याय र समान अवसर खोज्छ । यसैगरी, राम्रो नागरिक पनि कुनै संयोगले बन्दैन। विद्यालयले केवल डिग्रीधारी होइन, जिम्मेवार नागरिक उत्पादन गर्नुपर्ने देखिन्छ। परिवारले केवल सफल सन्तान होइन, इमानदार नागरिक हुर्काउनुपर्ने देखिन्छ। समाजले केवल अधिकारको होइन, कर्तव्यको पनि शिक्षा दिनुपर्छ । राष्ट्रप्रतिको उत्तरदायित्व विद्यालयको पाठ्यपुस्तकभन्दा पनि संस्कारबाट सिकिन्छ । हामीले विकास मापन गर्ने तरिका पनि परिवर्तन गर्नुपर्छ । कुल गार्हस्थ्य उत्पादन बढ्नु सकारात्मक हो, तर त्यो मात्र पर्याप्त छैन । कुनै राष्ट्रको विकास सार्वजनिक संस्थाप्रतिको विश्वास, सरकारी सेवाको गुणस्तर, कानुनको पालना, सार्वजनिक जीवनको नैतिकता र नागरिक जिम्मेवारीबाट पनि मापन हुनुपर्ने देखिन्छ ।

अन्ततः एउटा राष्ट्रको सबैभन्दा ठूलो पूर्वाधार राजमार्ग होइन, संस्थागत संस्कृति रहेको देखिन्छ । सडकले सहर जोड्छन, पुलले नदी जोड्छन, विमानस्थलले देश जोड्छ तर सुशासनले सरकार र नागरिक जोड्छ र असल नागरिकले वर्तमान र भविष्य जोड्ने देखिन्छ ।

# बेलबहादुर परियारको नयाँ गीत 'तिमीलाई मैले सानू सकिन बिर्सन' बर्दिबासमा सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २८ श्रावण**



जीवनराज दाहाल ( बर्दिबास) गायक तथा सङ्गीतकार बेलबहादुर परियारको नयाँ गीत 'तिमीलाई मैले सानू सकिन बिर्सन' बर्दिबासमा सार्वजनिक गरिएको छ । बर्दिबासस्थित विनायक होटलमा आयोजित कार्यक्रममा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका केन्द्रीय सदस्य कृष्ण गौतमले गीत तथा भिडियोको विमोचन गरेका हुन् ।

गीतमा बेलबहादुर परियारको स्वर तथा सङ्गीत र रचना रिमालको स्वर रहेको छ । नारायण दङ्गालको एरेन्ज र गोपाल दयालको रेकर्डिङ रहेको गीतको भिडियोमा सुजाता भट्टराई, अशोक लाखे, राजाराम श्रेष्ठ र सरु भुजेलले अभिनय गरेका छन् । भिडियोको छायाङ्कन शैलेस श्रेष्ठले गरेका हुन् भने निर्देशन तथा कोरियोग्राफी ए ए स्टार मिडियाले गरेको छ । परियारका अनुसार गीतको भाका करिब २० वर्षअघि आफूले गाएको हो ।

पुरानो भाकालाई आफ्नै सङ्गीतमा नयाँ स्वरूप दिएर अहिले सार्वजनिक गरेको उनले बताए । २०४७/४८ सालदेखि नै गीत-सङ्गीतमा सक्रिय परियारले युवावस्थादेखिको रहर पूरा गर्ने प्रयासस्वरूप गीत ल्याएको उल्लेख गरे । कार्यक्रममा प्रलेस मधेस प्रदेशका अध्यक्ष नारायण घिमिरे, बर्दिबास उद्योग वाणिज्य संघका कोषाध्यक्ष सुरेन्द्र लामा, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतो, प्रतिष्ठानका मधेस प्रदेश अध्यक्ष रुद्रसेन विश्वकर्मालगायतले गीतको सफलताको शुभकामना दिए ।

परियारले यसअघि 'जाग नेपाली वीर नेपाली', 'सिन्धुलीका सुसेलीहरू', 'गरौं है रमाइलो' लगायतका लोक तथा दोहोरी गीत सार्वजनिक गरिसकेका छन्। नयाँ गीत उनको आधिकारिक युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ ।

# तस्करी नियन्त्रणका क्रममा एक वर्षमा ७५ करोड रुपैयाँभन्दा बढी मूल्यको अवैध सामान बरामद

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ श्रावण**



सशस्त्र प्रहरीले मधेश प्रदेशका आठवटै जिल्लामा सीमा क्षेत्रमा हुने चोरी तस्करी नियन्त्रणका क्रममा एक वर्षमा ७५ करोड रुपैयाँभन्दा बढी मूल्यको अवैध सामान बरामद गरेको छ । छिन्नमस्ता बाहिनीअन्तर्गत परिचालित सशस्त्र प्रहरीको टोलीले आर्थिक वर्ष २०८२/८३ मा ७५ करोड २८ लाख ४५ हजार ४७६ रुपैयाँ २० पैसा बराबरका अवैध सामान बरामद गरेको हो ।

बरामद सामग्री आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकाय तथा भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ । सशस्त्र प्रहरी मधेश प्रदेशका प्रवक्ता एसएसपी सुभाष भण्डारीका अनुसार भारतबाट भन्सार छली नेपाल भित्र्याइएका कपडा, किराना सामग्री, हार्डवेयरलगायत विभिन्न वस्तु बरामद भएका छन् ।

यस्तै, तेस्रो मुलुकबाट नेपाल हुँदै भारततर्फ चोरी लुकी लैजान खोजिएको ठूलो परिमाणको तरबुजाको बीउसमेत नियन्त्रणमा लिइएको उनले बताए। सीमा क्षेत्रमा तस्करी नियन्त्रणलाई प्रभावकारी बनाउन पछिल्लो समय गस्ती, निगरानी र सूचना संकलन प्रणालीलाई थप सक्रिय बनाइएको सशस्त्र प्रहरीले जनाएको छ । नेपाल-भारत सीमामा हुने अवैध ओसारपसारसँगै सीमापार आपराधिक गतिविधिमाथि समेत निगरानी बढाइएको छ ।

मधेश प्रदेशमा डीआईजी विष्णुप्रसाद भट्टले नेतृत्व सम्हालेपछि सीमा सुरक्षालाई प्राथमिकतामा राख्दै अवैध गतिविधिविरुद्ध कडाइ गरिएको सशस्त्र प्रहरीको भनाइ छ । नियमित गस्तीका साथै विशेष अभियान सञ्चालन गरी तस्करी नियन्त्रणमा जोड दिइएको छ ।




अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: अनावश्यक चिन्ता
मिथून: लामो यात्राको योग छ
कर्कट: पिछडेको साथी मिल्न
सिंह: मनमा पछुतो आउने
कन्या: खानपानमा समस्या आउने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: विचार गरेर बोल्नुहोला
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्बरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# चीनको बेल्ट एण्ड रोड प्रणाली: नीति निर्माताहरूका लागि रणनीतिक पाठ



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ श्रावण**

चीनको विदेशी आर्थिक संलग्नता शान्त तर महत्त्वपूर्ण रूपान्तरणबाट गुज्रिरहेको छ ।

ग्रिन फाइनान्स एण्ड डेभलपमेन्ट सेन्टरका तथ्याङ्कहरूले बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) लगानी र निर्माण गतिविधि २०२५ मा रेकर्ड अमेरिकी डलर १२४ अर्ब पुगेको देखाउँछन्, जुन पहलको पहिलो दशकमा देखिएको स्तरलाई पार गर्दछ। तैपनि, शीर्षक सङ्ख्या पछाडि बेइजिङको विश्वव्यापी पहुँचलाई चलाउने उपकरणहरू र प्राथमिकताहरूमा परिवर्तन रहेको छ । सार्वभौम ऋणबाट चयनात्मकतासम्म: निर्माण सम्झौताहरूले गत वर्ष कुल संलग्नताको लगभग दुई तिहाइ हिस्सा ओगटेका थिए । जबकि नीति-बैङ्क ऋण २०१० को दशकको मध्यतिर यसको शिखरभन्दा धेरै तल रह्यो । अफ्रिका र धेरैजसो विकासशील विश्वभर, इक्विटी सहभागिता, सार्वजनिक-निजी साझेदारी र स्थानीय-मुद्रा वित्त पोषणले एक पटक चिनियाँ विकास वित्तलाई परिभाषित गर्ने ठूला सार्वभौम क्रेडिट लाइनहरूलाई बढ्दो रूपमा प्रतिस्थापन गर्‍यो। यो बीआरआईको प्रारम्भिक वर्षहरूको विस्तृत दृष्टिकोणबाट विचलन हो, जब अतिरिक्त पुँजी र औद्योगिक क्षमतालाई विश्वव्यापी दक्षिणमा वृद्धिलाई पुन: आकार दिन बाहिर प्रक्षेपण गरिएको थियो ।

# जनकचोकमा रक्तदान कार्यक्रम आयोजना

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ श्रावण**



अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जनकपुरधामस्थित जनकचोकमा रक्तदान कार्यक्रम आयोजना गरेको छ । रास्वपाका जिल्ला सचिव रमेश पहाडीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा २२ जनाले रक्तदान गरेको आयोजकले जनाएको छ। सञ्जय मिश्र र रमेश साहको संयोजनमा आयोजित कार्यक्रममा युवासहित विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागिता रहेको थियो ।

'रक्तदान गरौँ, जीवन बचाऔँ' भन्ने सन्देशसहित आयोजना गरिएको कार्यक्रममा रक्तदानलाई मानवीय सेवासँग जोड्दै युवाहरूलाई सामाजिक उत्तरदायित्वप्रति प्रेरित गर्ने उद्देश्य रहेको रास्वपाले जनाएको छ । रक्तदान कार्यक्रममार्फत आवश्यक परेका बिरामीलाई रगत उपलब्ध गराउन सहयोग पुग्ने विश्वास आयोजकले व्यक्त गरेको छ ।

# तमिल अभिनेता विक्रम छानबिनमा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ श्रावण**



दक्षिण भारतीय फिल्म अभिनेता विक्रमले लोपोन्मुख प्रजातिको गिब्बनलाई काखमा राखेर मायाले मुसारिरहेको भिडियो सार्वजनिक भएपछि भारतीय वन्यजन्तु अधिकारीहरूले यसबारे छानबिन सुरु गरेका छन् ।

अभिनेताले सोमबार इन्स्टाग्राममा लार गिब्बनलाई अँगालो हालिरहेको अनि योसँग खेलिरहेको भिडियो पोस्ट गरेका थिए । सामाजिक सञ्जालमा केही समयमै भाइरल भएपछि सो भिडियो हटाइयो । केही सञ्चारमाध्यमले उक्त जनावरलाई उनको नयाँ पाल्तु जनावर समेत भनेका छन् । तमिलनाडुको वन विभागले गिब्बन चेन्नईस्थित विक्रमका आफन्तको घरमा कसरी आइपुग्यो र त्यसलाई राख्न तथा स्थानान्तरण गर्न आवश्यक कानुनी प्रक्रिया पूरा गरिएको थियो कि थिएन भन्ने विषयमा अनुसन्धान गरिरहेको छ । अधिकारीहरूले अहिलेसम्म गिब्बन तस्करी गरेर ल्याइएको, विक्रमकै स्वामित्वमा रहेको वा उनलाई भारत ल्याउनमा उनको संलग्नता रहेको निष्कर्ष निकालेका छैनन् । यस विवादमा विक्रमले पनि कुनै प्रतिक्रिया दिएका छैनन् । तमिलनाडुका प्रमुख वन्यजन्तु संरक्षक राकेशकुमार डोग्राका अनुसार आवश्यक अनुमति र कागजात भएमा कुनै पनि व्यक्तिले लार गिब्बन राख्न सक्छन्। विदेशी जनावर आयात गर्न सम्बन्धित सरकारी अनुमति, अनुमति प्रमाणपत्र र वन्यजन्तु संरक्षण सम्बन्धी प्रमाणपत्र आवश्यक पर्ने उनले बताए। लार गिब्बन दक्षिण-पूर्वी एसियाका उष्णकिटबन्धीय वनमा पाइने बाँदरको सानो आकारको प्रजाति हो ।

यो थाइल्यान्ड, म्यानमार र मलेसियालगायत क्षेत्रमा पाइन्छ । वासस्थानको विनाश, सिकार र अवैध पाल्तु जनावर व्यापारका कारण यसको सङ्ख्या घट्दै गएकाले यसलाई लोपोन्मुख प्रजातिका रूपमा सूचीकृत गरिएको छ ।



अनुरोधकर्ता
महोत्तरी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
एकडारा गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# इतिहास, सीमा-दाबी आ नेपालक अभिलेखीय कमजोरी: “सुगौली सन्धिक मूल दस्तावेज”

**-मुरली मनोहर मिश्र**

सुगौली सन्धि केवल नेपाल आ तत्कालीन ब्रिटिश भारतक बीच १८१६ मे भेल एक ऐतिहासिक सम्झौता मात्र नै अछि; यी आधुनिक नेपालक भूगोल, सीमा-निर्धारण आ राष्ट्रिय सार्वभौमिकताक इतिहाससँ जुड़ल अत्यन्त महत्वपूर्ण दस्तावेज अछि। तँ नेपाल सरकारक अपन संसदमे यी स्वीकार करब जे १८१६क सुगौली सन्धिक मूल आधिकारिक प्रति सरकारक अभिलेखमे अछि कि नै, से स्पष्ट जानकारी नै अछि, यी सामान्य प्रशासनिक लापरवाहीक विषय मानि कऽ टारि देबाक बात नै अछि।

विशेषतः कालापानी, लिपुलेख आ लिम्पियाधुरा क्षेत्रक सीमा-विवाद लगातार नेपाल-भारत सम्बन्धक संवेदनशील विषय बनल अछि। एहन समयमे ऐतिहासिक दाबीकेँ भावनात्मक भाषणसँ नै, बल्कि मूल दस्तावेज, प्रमाण, नक्सा, पत्राचार, प्रशासनिक अभिलेख आ अन्तर्राष्ट्रीय कानूनक आधार पर प्रस्तुत करबाक आवश्यकता अछि।

१. सन्धिक मूल प्रति नै भेटब यी केवल अभिलेखीय समस्या नै,

कोनो देशक सीमा आ सार्वभौमिकतासँ सम्बन्धित मूल सन्धि यदि अपन राष्ट्रीय अभिलेखागारमे सुरक्षित अछि कि नै, सरकार स्वयं निश्चित रूपसँ नै कहि सकैत अछि, तँ यी प्रश्न उठब स्वाभाविक अछि जे हम सभ अपन इतिहासक संरक्षण केना कएलहुँ ?

१८१६क सन्धि ब्रिटिश भारतसँ सम्बन्धित छल। तखन नेपालक पक्षसँ हस्ताक्षरित प्रति, ब्रिटिश अभिलेख, पत्राचार, नक्सा, सीमा-स्तम्भ सम्बन्धी कागजात, तत्पश्चातक प्रशासनिक निर्णय आ विभिन्न कालखण्डमे तैयार भेल नक्शा, यी सभक एकीकृत अभिलेखीय संरक्षण आवश्यक छल।

मूल प्रति उपलब्ध नै होयब मात्रसँ सुगौली सन्धिक वैधानिकता समाप्त नै भऽ जाइत अछि। इतिहासमे एकहि सन्धिक अनेक प्रमाणित प्रतिलिपि, ब्रिटिश अभिलेख, सरकारी गजेट, पत्राचार आ बादक आधिकारिक नक्सा उपलब्ध भऽ सकैत अछि। मुदा प्रश्न यी अछि जे नेपालक अपन अभिलेखीय दाबी कतेक व्यवस्थित आ प्रमाणिक अछि ?

२. सीमा-दाबी आ प्रमाणक बीच दूरी नै रहबाक चाही,

कालापानी-लिपुलेख विवादमे नेपालक ऐतिहासिक दाबीकेँ केवल राष्ट्रवादी भावनासँ पुष्ट करब पर्याप्त नै। यदि नेपाल कहैत अछि जे अमुक भूभाग नेपालक होइत अछि, तँ ओकर आधारमे

क) सुगौली सन्धिक प्रामाणिक पाठ,
ख) तत्कालीन नक्सा,
ग) नदीक उद्गम सम्बन्धी ऐतिहासिक अभिलेख,
घ) प्रशासनिक गतिविधिक प्रमाण,
ङ) जनगणना तथा राजस्व अभिलेख,
च) ब्रिटिश-भारतीय सरकारी दस्तावेज,
छ) नेपालक पुरान प्रशासनिक अभिलेख,
ज) सीमा-सम्बन्धी द्विपक्षीय पत्राचार,
जेकाँ ठोस प्रमाण प्रस्तुत करबाक क्षमता चाही।

सीमा राष्ट्रवादी नारासँ नै, प्रमाणसँ मजबूत होइत अछि।

एहि कारणेँ सरकारक यी बयान नेपालक कूटनीतिक तयारी पर सेहो प्रश्नचिह्न लगबैत अछि।

३. १९५०क सन्धिक अनुभव चेतावनी देइत अछि,

१९५०क नेपाल-भारत शान्ति तथा मैत्री सन्धिक मूल प्रति सम्बन्धमे सेहो पहिने यैह प्रकारक समस्या सामने आएल छल। यदि एकटा अपेक्षाकृत आधुनिक आ अत्यन्त महत्वपूर्ण द्विपक्षीय सन्धिक मूल प्रति सेहो सुरक्षित रूपसँ उपलब्ध नै रहि सकल, तँ १८१६क सन्धिक अभिलेखीय स्थिति पर प्रश्न उठब अस्वाभाविक नै अछि। एहि घटनासँ नेपालक प्रशासनिक व्यवस्थामे राष्ट्रीय अभिलेख संरक्षण नीतिक कमजोरी स्पष्ट होइत अछि।

सरकार बदलैत अछि, मन्त्री बदलैत छथि, राजनीतिक प्राथमिकता बदलैत अछि; मुदा राष्ट्रक मूल दस्तावेज सरकारक तत्कालीन राजनीतिक नेतृत्वक निजी सम्पत्ति नै, बल्कि राष्ट्रक सामूहिक सम्पदा होइत अछि। ब्रिटेनसँ दस्तावेज माँगब उचित, मुदा अपन घरक अभिलेख पहिने जाँचब आवश्यक अछी।

प्रधानमन्त्री बालेन्द्र शाह द्वारा सुगौली सन्धिसँ सम्बन्धित ऐतिहासिक दस्तावेज ब्रिटेनसँ उपलब्ध करबाक पहल यदि प्रमाण-आधारित सीमा-अध्ययनक उद्देश्यसँ अछि त यी सकारात्मक कदम भऽ सकैत अछि। मुदा एकटा मौलिक प्रश्न रहैत अछि जे जखन नेपाल स्वयं अपन मूल प्रति कहाँ अछि से निश्चित नै कऽ सकैत अछि, तखन विदेशी अभिलेखागारसँ प्रमाण खोजबाक अभियान कतेक संस्थागत रूपसँ तैयार अछि ? नेपालक पहिल प्राथमिकता होयबाक चाहीजे – “हाम्रा अभिलेख कहाँ अछी ?” तकर बाद “विदेशी अभिलेख मे कि अछी ?” दुनू प्रश्नक उत्तर एकत्र कएला पश्चात् मात्र ऐतिहासिक सीमा-दाबीकेँ अन्तर्राष्ट्रीय स्तरपर थप मजबूत ढङ्गसँ प्रस्तुत कएल जा सकैत अछि।

४. सरकारक लेल पाँच ठोस सुझावः

क) पहिल– राष्ट्रिय अभिलेखको विशेष अडिट,
१८१६क सुगौली सन्धि, १९५०क सन्धि तथा नेपालक सीमा-सम्बन्धी सम्पूर्ण मूल दस्तावेजक खोज, सूचीकरण आ डिजिटल अभिलेखीकरण करबाक लेल उच्चस्तरीय स्वतन्त्र टोली बनाओल जाय।

ख) दोसर– नेपाल-ब्रिटेन-भारत तीन दिशामे समानान्तर अभिलेख खोज,
लण्डन, नयी दिल्ली आ काठमाण्डूमे उपलब्ध दस्तावेजक तुलनात्मक अध्ययन कएल जाय। केवल नेपालक प्रतिलिपि नै, ब्रिटिश भारतक आधिकारिक अभिलेख सेहो परीक्षण कएल जाय।

ग) तेसर– ऐतिहासिक सीमा अनुसन्धान केन्द्र स्थापना,
परराष्ट्र मन्त्रालय, कानून मन्त्रालय, भूमि व्यवस्था मन्त्रालय, राष्ट्रिय अभिलेखागार, विश्वविद्यालयक इतिहास तथा अन्तर्राष्ट्रीय कानून विशेषज्ञ सभकेँ समेटि स्थायी अनुसन्धान संयन्त्र बनाओल जाय।

घ) चारिम– सब प्रमाणक डिजिटल डेटाबेस बनाओल जाय,
सन्धि, नक्सा, पत्राचार, प्रशासनिक अभिलेख, राजस्व विवरण आ सीमा-सम्बन्धी पुरान दस्तावेजक उच्च गुणस्तरीय डिजिटल प्रतिलिपि तैयार कऽ सार्वजनिक अनुसन्धानक लेल सुरक्षित राखल जाय।

ङ) पाँचम– सीमा विवादकेँ राजनीतिक नारासँ अलग राखल जाय,
कालापानी आ लिपुलेख जेकाँ संवेदनशील विषयकेँ चुनावी भाषण, भावनात्मक उत्तेजना अथवा तात्कालिक राजनीतिक लाभक विषय नै बनाकऽ दीर्घकालीन राष्ट्रिय नीतिक विषय बनाओल आवश्यक अछि।

५. अन्तिम-निष्कर्ष : इतिहास हराएल नै अछि, मुदा अभिलेख हराएब राष्ट्रक कमजोरी अछि,

सुगौली सन्धिक मूल प्रति नेपालमे अछि कि नै, यी प्रश्नक उत्तर स्वयं सरकारक पास स्पष्ट नै होयब निश्चित रूपसँ चिन्ताक विषय अछि। मुदा एहि घटनाक सबसँ महत्वपूर्ण पक्ष यी नहि जे “मूल कागज कहाँ अछि ?” बल्कि यी अछि जे नेपाल अपन इतिहास, सीमा आ सार्वभौमिकतासँ सम्बन्धित प्रमाण सभकेँ कतेक जिम्मेवारीसँ सुरक्षित रखैत अछि।

सीमा विवादमे भावनात्मक राष्ट्रवाद आवश्यक रूपसँ उपयोगी नै होइत अछि; दस्तावेजी राष्ट्रवाद आवश्यक अछि। देशक सीमा जतेक महत्वपूर्ण अछि, ततेक महत्वपूर्ण सीमा निर्धारण करनिहार कागजात सेहो अछि।

नेपालक दाबी सही अछि त ओकरा प्रमाणसहित विश्वक समक्ष प्रस्तुत करबाक आत्मविश्वास होयबाक चाही। आ यदि अभिलेखमे कमजोरी अछि त सरकारकेँ ओकरा नुकयबाक नै, बल्कि तत्काल सुधारबाक चाही।

सुगौली सन्धिक मूल प्रति खोजब केवल एकटा पुरान कागज खोजब नै अछि, यी नेपालक इतिहास, सीमा-स्मृति आ राज्यक अभिलेखीय उत्तरदायित्व खोजबाक अभियान अछि। नेपालकेँ आब भावनासँ नै, प्रमाणसँ बोलबाक समय अछि; नारासँ नै, दस्तावेजसँ अपन सीमा-दाबी स्थापित करबाक समय अछि।





## विज्ञापन दर सम्बन्धी सूचना

जलेश्वर टुडे राष्ट्रिय दैनिक पत्रिकाले आर्थिक वर्ष २०८३/०८४ को लागि तपसिल बमोजिमको अधिकतम विज्ञापन दर रेट (भ्याट बाहेक) कायम गरेको व्योहोरा सर्वसाधारण तथा सरोकारवालाहरुलाई जानकारी गराईन्छ।

तपसिल

| Page` | Size | Amount in B/W | Amount in Color |
|---|---|---|---|
| Middle (2/3) Page | Per CC | Rs.2750/- | Rs. 5500/- |
| Back (4) Page | Per CC | + 20 % | + 20 % |
| First (1) Page | Per CC | + 30 % | + 30 % |

सम्पर्क :– जनकपुरधाम–४,क्याम्पस चौक,धनुषा,मधेस प्रदेश,,नेपाल
सम्पर्क मोबाइल :– ९८४४०२७९७१,९८२४८७७६२७(ह्वाट्स एप)
ईमेल :– jaleshwortoday@gmail.com
वेबसाइट :– www.jaleshwortoday.com(Online)



**“पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।“**



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


## शिक्षक उपेन्द्र यादवद्वारा ज्ञान गंगालाई पुरस्कार

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ श्रावण**

शिक्षक उपेन्द्र यादवले जनकपुरधाम–४ स्थित ज्ञान गंगा ईन्टर नेशनल पब्लिक स्कुललाई बिहिबार एउटा कार्यक्रममा पुरस्कृत गरेको छ।

बहुमुखि प्रतिभाका धनी शिक्षक यादवले ज्ञान गंगाका विभिन्न कक्षाका विद्यार्थीहरुलाई हाजिरीजबाफ प्रतियोगिताको माध्यमबाट विभिन्न क्षेत्रका प्रश्नहरु सोधेर जबाफ दिने



विद्यार्थीहरुलाई महत्वपूर्ण आकर्षक किताबहरु हस्तान्तरण गरेर मनोबल बढाउनमा प्रशंसनिय कार्य गरेको भन्दै सो विद्यालयको प्रधानाध्यापक प्रा.पवन कुमार साहले उच्च प्रशंसा गर्नुभयो। शिक्षिका स्नेहा झा,विद्यार्थी गोपी शर्मा तथा पत्रकार दिपक श्रेष्ठ मण्डलले यस कार्यक्रमको उच्च प्रशंसा गर्नु भएको थियो।


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday